महाकुलुङ गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री सूर्य बहादुर राईले
महाकुलुङ गाउँपालिकाको चौधौं गाउँसभालाई सम्बोधन गर्दै प्रस्तुत गर्नुभएको

# महाकुलुङ गाउँपालिकाको नीति तथा कार्यक्रम २०८१/८२

स्थानीय सरकार
महाकुलुङ गाउँपालिका, सोलुखुम्बु ।
२०८१ असार १० गते

**महाकुलुङ गाउँसभाका मान्य सदस्य ज्यूहरु,**

१. यो सम्मानित सभामा गाउँपालिकाको अध्यक्षको हैसियतले आगामी आ.व.०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुसी महसुस गरेको छु ।

२. यस अवसरमा सर्वप्रथम नेपालको राष्ट्रियता रक्षा, विभिन्न राजनीतिक परिवर्तन लगायतका महत्वपूर्ण आन्दोलनमा अमूल्य जीवन गुमाएका ज्ञात अज्ञात सहिदप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु साथै विभिन्न जनआन्दोलनका घाइतेहरु तथा पिडित परिवारलाई सम्मान व्यक्त गर्न चाहन्छु ।

३. नेपालको संविधानले गरेको व्यवस्था अनुसार संघीय नेपालको तीन तहको सरकार मध्ये स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार हो । स्थानीय सरकार नै नागरिकलाई आधारभूत सेवा दिने एकमात्र निकाय हो भन्ने कुरा वि.सं. २०७४ बाट हालसम्मको संघीयता कार्यान्वयनको अभ्यासले देखाइसकेको छ ।

४. स्थानीय सरकारको अधिकार क्षेत्र तथा कर्तव्यहरु नेपालको संविधानमा नै व्यवस्था गरिएको छ । नेपालको संविधानले नै स्थानीय तहलाई ऐन, नियमावली, कार्यविधी, निर्देशिका लगायतका कानून निर्माण सहित आर्थिक स्रोत वृद्धिको लागि राजस्व संकलनको अधिकार समेत प्रदान गरेको छ ।

५. नेपालको ७५३ स्थानीय तहलाई आफ्नो विकास गर्ने ऐतिहासिक अवसर प्राप्त भएको यो समयमा महाकुलुङ गाउँपलिकाले पनि आफ्नो समृद्धि प्राप्तिको लागि "स्वच्छ, सभ्य र समृद्ध महाकुलुङ" भन्ने मूलमन्त्रका साथ गाउँपालिकाको विकासका सबै क्षेत्रमा समानुपातिक विकासका लागि सकरात्मक प्रयास गर्ने सोंच विकास गरेको छ ।

६. महाकुलुङ गाउँपालिकाको स्थापना पछि यस गाउँपालिकाको सबै वडा तथा क्षेत्रमा सडक सञ्जाल विस्तार भएको छ, जसबाट यहाँका नागरिकको जीवनस्तरमा उल्लेख्य सुधार आएको छ । सडक सञ्जालहरुलाई बर्षैभरी संचालन गर्न मोटरेबल पुलहरुको निर्माण सुरु गरिएको छ।

७. स्वास्थ्यतर्फ प्रत्येक वडामा स्वास्थ्य संस्था संचालनमा रहेको छ भने गाउँपालिकाको गौरवको आयोजनामा रहेको महाकुलुङ आधारभूत अस्पतालको संचालनको लागि तयारी अवस्थामा रहेको छ ।

८. गाउँपलिकालाई राष्ट्रिय विद्युत प्रशारण लाइनसँग जोड्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

९. कृषितर्फ पशु वीमा, उन्नत विउ विजन खरिद वितरण, कृषकलाई कृषि सामाग्री सहायता तथा प्राविधिक सहायता प्रदान गरिएको छ, यसले कृषकको उत्पादकत्व वृद्धि भएको छ ।

**मान्य सदस्यज्यूहरु,**

१०. नेपाल सरकारको राष्ट्रिय आकंक्षा, गाउँपलिकाले आवधिक योजना मार्फत लिएको "स्वच्छ, सभ्य र समृद्ध महाकुलुङ" को लक्ष्य, साथै स्थानीय आवश्यकतालाई मध्ये नजर राख्दै आर्थिक वर्ष २०८१/८२ का लागि वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

११. कृषि क्षेत्रको विकासमा व्यवसायिक तथा गुणस्तरीय कृषि अनिवार्य तत्व हो । कृषि क्षेत्रको उत्पादकत्व अभिवृद्धि गरी आवश्यक बजारीकरण गर्ने नीति गाउँपलिकाले अवलम्बन गर्नेछ । यहाँको कृषि क्षेत्रको उपयुक्त बजारीकरणको लागि स्थानीय उत्पादनको प्रतिष्पर्धात्मक मूल्य निर्धारण सहित खाद्यजन्य आयातमा स्थानीय स्तरमै उत्पादन हुने समान वस्तुको बाह्य आयात प्रतिष्थापन गरिनेछ ।

१२. सबै वडामा सडक पहुँच पुगेको अवस्थामा आवश्यक रहेका मोटरेबल पुलहरु हुँगाखोला, भुवा खोला, फुलवाती खोला तथा बुदुम खोलामा मोटरेबल पुल निर्माण सम्पन्न गरी संचालमा ल्याइने छ । हुँगा खोला तितिलाघाट र कंखो खोलामा पुल निर्माणको लागि आवश्यक तयारी सुरु गरिनेछ ।

१३. निर्माणाधीन वडा कार्यालयहरुको निर्माण सम्पन्न गरी सबै वडा कार्यालयहरुको प्रशासनिक सेवा आफ्नै वडा कार्यालयबाट प्रदान गर्न सुरु गरिनेछ । गाउँपलिकाको सुविधासम्पन्न प्रशासनिक भवनको निर्माण थालनी गरिनेछ ।

१४. स्वास्थ्य सेवालाई सम्भव भएसम्म नागरिकको नजिकमा पुर्‍याइनेछ । गाउँपालिकाको वडा नं. २ र ४ मा रहेको आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुलाई वर्थिङ सेन्टरमा विस्तार गरी सेवा प्रारम्भका लागि पहल गरिनेछ । वडा-वडामा भएका सबै स्वास्थ्य सेवालाई सुबिधासम्पन्न बनाउदै लगिनेछ ।

१५. महाकुलुङको बुङमा स्थापना भएको महाकुलुङ आधारभूत अस्पतालमा मेडिकल सुपरिटेण्डेन्ट सहितको सुविधासम्पन्न शल्यक्रिया सहितको (CEONC) सेवा तथा पोष्टमार्टम आधारभूत अस्पतालबाटै प्रदान गरिनेछ ।

१६. “गुणस्तरिय सेवा हाम्रो प्रतिवद्धता, स्वास्थ्य वीमा आजको आवश्यकता” भन्ने मुल नाराका साथ स्वास्थ्य वीमा अनिवार्य गरी महाकुलुङ आधारभूत अस्पतालाई स्वास्थ्य वीमाको प्रथम विन्दुको रुपमा कायम गरिनेछ ।

१७. स्वास्थ्य संस्थाहरुमा गर्भवती महिलाहरुको गर्भ जाँच (ANC) तथा सुत्केरी पछिको जाँच (PNC) लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१८. समुदायमा क्षयरोग पहिचानको लागि स्क्रीनिङ क्याम्प संचालन गरिनेछ । मृगौला प्रत्यारोपण गरिएका, क्यान्सर रोगी, मेरुदण्डको पक्षघात भएका बिरामीहरुलाई औषधी उपचार वापत मासिक रु ५ हजारका दरले उपलब्ध गर्ने व्यवस्था गरिनेछ ।

१९. गाउँपालिकामा कार्यरत रहेका महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई नसर्ने रोग र मानसिक रोग सम्बन्धी अभिमूखिकरण गरी नसर्ने रोग र मानसिक रोगको रोकथामका लागि सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

२०. महिलाहरुको पाठेघरको क्यान्सरको पहिचानका लागि VIA स्क्रिनिङ क्याम्प मार्फत स्वास्थ्य संस्थाहरुबाट नियमित जाँच गर्नका लगि व्यवस्था मिलाइएको छ । किशोर किशोरी मैत्री स्वास्थ्य संस्था संचालन र व्यवस्थापनका लागि आवश्यक व्यवस्था मिलाइएको छ । यस महाकुलुङ गाउँपालिकामा HPV खोप अभियान र नियमित खोप अभियानहरु प्रभावकारी रुपमा संचालन गर्न आवश्यक व्यवस्था मिलाइएको छ ।

२१. मातृ तथा नवशिशुका लागि प्रभावकारी रुपमा संचालन गर्न स्वास्थ्यकर्मी (नर्सिङ) हरुका लागि सेवा प्रदायक सुविधा तथा सुत्केरी महिला हरुका लागि यातायात खर्चका लागि थप व्यवस्था गरिएको छ ।

२२. गुदेल स्वास्थ्य चौकीमा प्रयोगशालामा सेवा सुचारु गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

२३. पर्यटनलाई व्यवस्थित गर्न महाकुलुङको बुङ हुँदै पाँचपोखरी मेरापिकको क्षेत्रमा पर्यटकीय आवास सुविधाको लागि मास्टर प्लान निर्माण गर्ने लक्ष्य राखिएको छ । मुद्धि-खोझ्मादिङ रुटलाई खानेपानी तथा क्याम्पिङको व्यवस्था सहितको विकासलाई निरन्तरता दिइने छ । चेरेम – कोठेको बाटो निर्माणलाई प्राथमिकतामा राखिनेछ । मुन्दुम ट्रेलसँग साल्पा, सिलुछोलाई जोड्न आवश्यक पहल गरिनेछ ।

२४. महाकुलुङ क्षेत्रमा रहेका स्थानीय पदमार्गहरु घ्याङखर्क - साल्पा सिलुछो —साउनेथान — पोम्लालुङ —बुकुर —केन्पा गौवित्ता —जुक्तुस्को —पाँचपोखरी —सिद्ध स्थानहरुलाई समेटेर महाकुलुङ पदमार्ग सर्किट घोषणा गर्ने तथा विकास गरिनेछ ।

२५. महाकुलुङ गाउँपालिकाभित्र वसोवास गर्ने आदिवासी समुदायहरु कुलुङ र शेर्पा जातिको भाषा, संस्कृति विकासमा उचित लगानी गरिनेछ । कुलुङ समुदायको धार्मिक आस्थाको रुपमा रहेका पोम्लालुङ, तोषखम, पोम्लाकाउ आदिको संरक्षणमा पहल गरिनेछ । साथै शेर्पा समुदायको गुम्बा, चैत्यको विकास विस्तारमा उचित लगानी गरिनेछ । उपयुक्त विद्यालयको छनौट गरी कुलुङ भाषा र शेर्पा भाषाको शिक्षालाई निरन्तर कक्षोन्नति गर्दै लगिनेछ ।

२६. गाउँपालिका भित्रको जग्गाहरुको भू-उपयोग योजना अन्तर्गत जग्गा वर्गीकरण गर्ने कार्य सम्पन्न गरिनेछ, साथै गाउँपालिकाभित्रका जग्गाहरुको नापी नक्सा प्रिन्ट गर्ने कार्यको लागि सदरमुकाम नै जानुपर्ने वाध्यतालाई न्यूनीकरण गर्नको लागि अनलाईन नक्सा प्रणाली मेरो कित्ता संचालनमा ल्याइनेछ ।

२७. हरेक वडा केन्द्र र सार्वजनिक स्थानहरुमा फ्री वाईफाई जोन बनाउने कार्यको लागि आवश्यक पहल गरिनेछ । गाउँपालिकाबाट सम्पादन हुने कामहरुलाई सम्भव भएसम्म अनलाईन प्रणालीबाट सेवा प्रदान गरिनेछ । गाउँपालिकाका गतिविधि प्रबर्द्धन गर्ने स्थानीय स्तरमा संचालित संचार माध्यमहरुलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराईनेछ ।

२८. गाउँपालिकामा वितरण हुने विद्युतको केन्द्रीय प्रशारण लाइनलाई व्यवस्थित तरिकाले वितरण तथा संचालन गर्ने उपयुक्त विकल्पको अध्ययन गरी छनौट गरिनेछ । ऊर्जा विकासको माध्यमबाट जनस्वास्थ्य र वन संरक्षणको दृष्टिले उपयुक्त देखिएको विद्युतीय चुल्हो वितरणको कार्यलाई प्राथमिकताका साथ निरन्तरता दिइनेछ ।

२९. गाउँपालिकाले स्थानीय वन निती वनाई लागु गरिनेछ । गाउँपालिकाभित्रका सामुदायिक वनहरुलाई नियमन गर्ने तथा सामुदायिक वन उपभोक्ता समूहहरुको संस्थागत क्षमता विकासमा लगानी गरिनेछ । सामुदायिक वनले आफ्नो वार्षिक कार्ययोजना गाउँपालिकाबाट स्वीकृत गराउने तथा वनपैदावार विक्रीबाट प्राप्त आय कानूनी व्यवस्था अनुसार गाउँपालिकामा जम्मा गर्ने व्यवस्था गरिनेछ । जलवायु परिवर्तन अनुकूलन कार्यक्रम निजी तथा गैर-सरकारी क्षेत्रको संलग्नतामा सञ्चालन गरिनेछ । वातावरणीय दृष्टिले उपयुक्त स्थानहरुमा पिकनिक स्थलको विकास गर्ने, रिचार्ज पोखरीहरु निर्माण गर्ने लगायतका कार्य अगाडी बढाइनेछ ।

३०. गाउँपालिकाभित्रका खोला, नदिनालाबाट हुने ढुंगा, गिटी, बालुवा उत्खनन कार्यलाई करको दायरामा ल्याइनेछ । गाउँपालिकाभित्र संचालित जलविद्युत आयोजनाहरुलाई ढुंगा, गिटी, बालुवा प्रयोग वापत करको दायरामा ल्याइनेछ ।

३१. गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान हुने सेवाहरुलाई सम्भव भएसम्म नागरिकको नजिकमा पुऱ्याइनेछ । जन्म, मृत्यु, बिवाह, सम्बन्ध विच्छेद, बसाईंसराई, जस्ता व्यक्तिगत घटना दर्ता कार्यलाई वडा कार्यालयको पहलमा ३५ दिनभित्र सम्पन्न गराउने कार्यक्रम लागू गरिनेछ । गाउँपालिकाले सम्पादन गरेको कार्यको विवरण दैनिक तथा साप्ताहिक रुपमा सार्वजनिक गर्ने व्यवस्था गरिनेछ । गाउँपालिकाले गर्नुपर्ने खर्च सार्बजनिकीकरण, सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण, वार्षिक समिक्षा जस्ता सुशासनका माध्यमहरुलाई नियमानुसार कार्यान्वयन गरिनेछ । गाउँपालिकामा कार्यरत कर्मचारीहरुको मनोवल उच्च राख्न, क्षमता विकास कार्यक्रमहरुको व्यवस्था गरिनेछ । जनगुनासोलाई सम्बोधन गर्न हेल्पडेस्कको व्यवस्था गरिनेछ ।

३२. शैक्षिक, सामाजिक, आर्थिक रुपले पछाडी पारिएका महिलाहरुलाई सीप तथा क्षमता विकास मार्फत उत्थानका कार्यक्रम लागू गरिनेछ । स्थानीय सरकारका हरेक सार्वजनिक निकायमा समानुपातिक समावेशी सिद्धान्त अनुसार सहभागी गराइनेछ । महिलाहरुलाई हुनसक्ने लैंगिक हिंसा न्यूनीकरणको लागि किशोरी आत्मरक्षा तालिम संचालन गरिनेछ । महिला, अपांगता भएका व्यक्तिहरुलाई गाउँपालिका तथा वडाहरुको पहलमा तिर्थयात्रा गराइनेछ ।

३३. वालवालिका लक्षित कार्यक्रमहरु संचालन गर्न वडा-वडाबाट साथै गाउँपालिकाबाट समेत आवश्यक वजेट व्यवस्थापन गरी क्षमता प्रस्फुटन लगायतका कार्यक्रम कार्यान्वयन गरिनेछ । विद्यालय उमेरका वालवालिकालई विद्यालयमा अध्ययन गर्न पाउने मौलिक हकको कार्यान्वन गरी साक्षरता अभिवृद्धि गर्ने नीति अंगिकार गरिनेछ ।

३४. अपाङ्गता भएका व्यक्तिहरुको सहि पहिचान गरी अपाङ्गताका प्रकार तथा अशक्तताका स्तरअनुसार परिचयपत्र वितरण साथै वितरित परिचयपत्रको पुनरावलोकन गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुको वास्तविक तथ्यांक संकलन गरी उचित पुनस्थापन तथा व्यवस्थापनका कार्यक्रमहरु लागू गरिनेछ । गाउँपालिका क्षेत्रभित्र सार्वजनिक भौतिक संरचनाहरु निर्माण गर्दा अपाङ्गमैत्री बनाउन विशेष पहल गरिनेछ ।

३५. महाकुलुङ गाउँपालिकामा स्थापित ज्येष्ठ नागरिक हेरचाह केन्द्रलाई थप सेवा सुविधा सहित संचालन गरिनेछ ।

३६. गाउँपालिकाको आफ्नो क्षेत्रभित्रको विभिन्न स्थानको विपद जोखिम नक्सांकन गरी विपद प्रतिकार्य योजना निर्माण गरिनेछ । विपद संवेदनशील क्षेत्र लक्षित कार्यक्रम संचालन तथा पूर्व तयारी गरिनेछ । विपद पछिको उद्धार तथा राहत सामग्री तयारी अवस्थामा राखिनेछ । विपद्का बेला उद्धारका लागि खुला क्षेत्र समेतको पहिचान गरी जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गरिदै लगिनेछ ।

३७. शिक्षा क्षेत्रमा लगानी नै भोलीका युवामा लगानी भन्ने सोंचलाई आत्मसात गरी शिक्षा क्षेत्रमा गरिने लागनीलाई प्राथमिकतासाथ निरन्तरता दिइनेछ । शिक्षामा भौतिक पूर्वाधार विकास र डिजिटलाइजेसन गरी शिक्षालाई प्रविधीमैत्री बनाइने छ ।

३८. शिक्षालाई समाज उत्थानको पहिलो आधारको रुपमा स्वीकार गरी गाउँपालिका भित्र उपयुक्त शिक्षालय छनौट गरी आधुनिक, प्रविधिमैत्री, स्नातक तह सम्म पढाई हुने बहुमुखी क्याम्पस स्थापनाको पहल गरिने छ । गाउँपालिका भित्रका सबै विद्यालयलाई भौतिक सुविधा सम्पन्न बनाउन, गुणस्तरीय शिक्षा प्रदान गर्न र विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गर्न विभिन्न गैह्रसरकारी संस्थासँग सहकार्य गरी समुचित प्रबन्ध गरिने छ । हरेक विद्यालयमा विद्युतीय हाजिरीको व्यवस्था लागू गरिनेछ । गाउँपालिका भित्रका विद्यालयहरुमा अनिवार्य इन्टरनेटको पहुँच विस्तार गरी अनलाइन सिकाइ तथा शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिदै लगिनेछ । आवासीय सुविधा सहितको विद्यालयलाई अनुदानको व्यवस्था गरिनेछ ।

३९. सबै सामुदायिक विद्यालयहरु मध्येबाट उत्कृष्ट अध्यापन गराउने, रचनात्मक, लगनशील लगायतका मापदण्डमा आधारित रहेर मुल्याङ्कन गरी प्रधानाध्यपक/शिक्षकलाई प्रोत्साहन गर्न पुरस्कारको व्यवस्था गरिनेछ । परीक्षाको नतिजाका आधारमा उत्कृष्ट विद्यालय, शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समितिलाई समेत प्रोत्साहनको व्यवस्था गरिनेछ ।

४०. विद्यालय उमेर समूहका वालवालिकालाई विद्यालयको पहूँचभन्दा बाहिर नराखिने राष्ट्रिय नीतिलाई कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ । यसका लागि विद्यालय, अविभावक तथा जनप्रतिनीधि समेतको समन्वयात्मक प्रयासलाई अगाडि बढाइनेछ । विद्यालय शिक्षक अनुदानलाई निरन्तरता दिइनेछ ।

४१. खेलकुदबाट बालबालिकाहरुको शारीरिक र मानसिक विकास हुनुका साथै आत्मविश्वासमा समेत वृद्धि हुने भएकोले राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता तथा अन्य खेलकुद गतिविधिलाई विद्यालयहरुसँगको समन्वय र सहकार्यबाट निरन्तरता दिइनेछ ।

४२. विद्यालयको पठन-पाठन एवं अध्यापन कार्यको समेत नियमित सुपरिवेक्षण गरी सुधारको कार्यलाई निरन्तरता दिईनेछ । साथै यस कार्यमा शिक्षा समितिहरुलाई सक्रिय बनाइनेछ । त्रैमासिक रुपमा शिक्षा समितिको वैठक विद्यालयका प्रधानाध्यापकहरुसँग बसी शैक्षिक अभिवृद्धिका लागि पहल तथा सुधार गरिनेछ । विद्यालय शिक्षा सुधारका लागि संघीय तथा प्रदेश सरकारको सहकार्यमा गुणस्तर सुधारका कार्यहरु कार्यान्वयनमा ल्याइनेछ । विद्यालयमा स्वास्थ्य तथा सरसफाईयुक्त वातावरण निर्माण गरिनेछ । साथै विद्यालयको पुनर्निर्माण तथा भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ । शिक्षक तालिम, अभिमुखीकरण कार्य संचालन गर्नका लागि गैरसरकारी संस्थाहरुसँग आवश्यक समन्वय र सहजीकरण गरिनेछ ।

४३. सबै विद्यालयमा अध्ययन गर्ने छात्राहरुको उमेर र अवस्थाको आधारमा स्थानीय स्तरमा उत्पादित स्यानटरी प्याड निःशुल्क उपलध गराईने छ ।

४४. गाउँपालिका सञ्चालन गरिएको प्राविधिक धार सिभिल इन्जिनियरिङ कक्षा सञ्चालन भईरहेको सगरमाथा माध्यमिक विद्यालयलाई स्तरउन्नोति गरी कक्षा थप गर्दै लगिनेछ । प्राविधिक धारको माध्यमिक विद्यालय सञ्चालन गर्नका लागि चाहिने पूर्वाधार विकासका लागि प्रदेश सरकार तथा संघीय सरकारसँग आवश्यक पहल गरी पूर्वाधार तथा चाहिने दक्ष जनशक्ति तथा दरबन्दीको व्यवस्था गरिनेछ । नेपाल सरकारको एक स्थानीय तह एक नमुना विद्यालय कार्यक्रमलाई यस गाउँपालिकामा पनि लागू गर्न आवश्यक पहल तथा समन्वय गरिनेछ ।

४५. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत विद्यालयहरुको सम्पुर्ण परिवर्तित तथ्याङ्क तथा विवरण अनिवार्य रुपमा अध्यावधिक गराउने, IEMIS बाट जारी गरिएको र हुने विद्यार्थी परिचय पत्र सबै विद्यालयमा अनिवार्य प्रयोग गर्ने व्यवस्था गरिनेछ । IEMIS को तथ्याङ्कको आधारमा सम्पुर्ण सेवा सुविधा उपलब्ध गराइने नीति अवलम्बन गरिनेछ ।

४६. आधारभूत तह कक्षा ८ का विद्यार्थीहरुको गणित तथा विज्ञान विषयको सिकाइ उपलब्धि अत्यन्तै न्यून भएकाले सबै विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि गणित विषयको सिकाइ उपलब्धि अभिवृद्धि गर्नका लागि अतिरिक्त कक्षाको व्यवस्था गरिनेछ । साथै शैक्षिक सत्र २०८० मा SEE परीक्षा दिने विद्यार्थीहरुका लागि अंग्रेजी, गणित र विज्ञान विषयको अतिरिक्त कक्षा सञ्चालनको व्यवस्था मिलाइनेछ । विषयगत शिक्षकको व्यवस्था नभएको विद्यालयमा डिजिटल माध्यमबाट सिकाई गर्न आवश्यक अध्ययन गरिनेछ ।

४७. कृषि बालीमा लाग्ने रोग किराहरुको रोकथाम तथा निदान र पशु चौपायाहरुमा लाग्ने रोगहरुको उपचारको लागि एक वडा एक कृषि तथा पशु प्राविधिकको व्यवस्था गरि टोल टोलमा प्राविधिक सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ। कृषकहरुलाई कृषि तथा पशुपालन प्रविधिको बारेमा जानकारी गराउन कृषि तथा पशु प्राविधिकहरुलाई टोल टोलमा परिचालन गरिनेछ । उन्नत जातको गाई खरिद तथा ढुवानीमा कृषकलाई अनुदानको व्यवस्था गरिनेछ ।

४८. कृषि तथा पशुपालन गर्ने कृषक, समुह र उद्यमीहरुलाई प्रोत्साहन गर्नका लागि वाली तथा पशुपन्छीको विवरण संकलन गरी उत्कृष्ट कृषक, समुह र उद्यमीहरुलाई सम्मान कार्यक्रम गरिनेछ । कृषकको क्षमता अभिबृद्धिको लागि पालिका स्तर तथा प्रदेश स्तरको तालिम केन्द्रसंग समन्वय गरी विभिन्न तालिम तथा गोष्ठीहरु सञ्चालन गरिनेछ ।

४९. बर्षेनि हुने विभिन्न दैवि प्रकोप तथा जंगली जनावरबाट हुने क्षति तथा विभिन्न रोगहरुबाट हुने वाली तथा पशुधनहरु नोक्सान भई आर्थिक रुपमा कृषकहरुले ठुलो क्षति व्यहोरी रहेकोले विभिन्न वीमा कम्पनीहरु संग समन्वय गरी कृषि वाली वीमा तथा पशु वीमा गर्नका लागि आवश्यक प्रबन्ध मिलाईनेछ । यस गाउँपालिकामा हुने उत्पादनलाई प्रांगारिक उत्पादन प्रमाणीकरणको लागि आवश्यक पहल गरिनेछ । व्यवसायिक कृषि विकासको लागि किवी, चिया , टिमुर , कागती , एभोकाडो लगायतका नगदे वालीको विकास तथा बजारीकरणमा आवश्यक ध्यान दिइनेछ । गाउँपालिकाद्वारा संचालित एग्रोभेटमा गाउँपालिकाबाट खटाइने कर्मचारीलाई निरन्तरता दिई सेवा प्रवर्द्धन र विस्तार गरिनेछ ।

५०. कृषि प्रदर्शनी लगायतका कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ । कृषक पाठशाला संचालन, प्रविधी हस्तान्तरण, रोगकिरा नियन्त्रणका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । गाउँपालिकामा सुरु गरिएको पुष्प व्यवसायलाई थप विस्तार गरिनेछ ।उत्पादित फुललाई उचित बजारीकरणको लागि पहल गरिनेछ । चिया प्रशोधन मेसिन खरिद वितरण गर्ने कार्यक्रम संचालन गरिनेछ ।

५१. ७० वर्षका जेष्ठ नागरिक, ६० वर्षका दलित जेष्ठ नागरिकहरु, क वर्गका फरक क्षमता भएका व्यक्तिहरुका लागि तथा गर्भवती महिलाका लागि पालिका भित्र निःशुल्क एम्बुलेन्स व्यवस्थालाई निरन्तरता दिइनेछ ।६० वर्ष नाघेका जेष्ठ नागरिकहरु र गरिव तथा असहाय, विपन्न नागरिकका उपचार गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

५२. गाउँपालिकाभित्रका सबै सडकहरु स्तरोन्ती गरी टोलटोलमा वर्षभरी नै गाडी गुड्न सक्ने गरी बाटोको स्तरबृद्धि गरिनेछ । गाउँपालिकाभित्रका सडकहरुलाई स्थानीय सडक कोडिङ गरिनेछ । गाउँपालिकाको केन्द्र आसपास सुविधा सम्पन्न बसपार्क निर्माण गरिनेछ । साथै प्रत्येक वडाका मूख्य बजार क्षेत्रमा सम्बन्धित वडाको समन्वयमा बसपार्क क्षेत्र निर्धारण गरिनेछ ।गाउँपालिकाभित्र रहेको सडकहरुको लगत कट्टा गरिने कार्यको थालनी गरिनेछ ।गाउँपालिका क्षेत्रभित्र चल्ने सवारी साधनहरुको विभिन्न सरोकारवाला निकायहरुको समन्वयमा वैज्ञानिक दररेट कायम गरी लागू गरिनेछ भने सार्वजनिक यातायातमा विद्यार्थी र लक्षित बर्गको लागि छुट गराउने व्यवस्था मिलाईनेछ ।

५३. गाउँपालिका भित्रको चक्रपथमा चल्ने निजी क्षेत्रको साझेदारीमा सार्वजनिक यातायात संचालन गरिनेछ ।अन्तरपालिका तथा अन्तरजिल्ला जोड्ने रणनीतिक सडकहरुको पहिचान गरी निर्माणका लागि सम्बन्धित स्थानीय तह तथा प्रदेश र संघीय सरकारसँगको सहकार्यलाई बढवा दिईनेछ । गाउँपालिकाको सडक गुरु योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । पालिकाका सडकहरुमा हरियाली कायम गर्न सडकमा विरुवाहरु रोपिने कार्यलाई निरन्तरता दिइनेछ । बायो इन्जिनियरिङको अवधारणा अनुसारको कार्य अगाडी बढाइनेछ ।मुख्य व्यापारिक केन्द्रका मुख्य मुख्य सडक मार्ग र चोकहरुमा विद्युतीय सडक बत्ति राख्रे कार्यलाई विभिन्न निकायसँगको समन्वयमा अगाडी बढाईनेछ ।

५४. गाउँपालिकालाई कृषि र पर्यटनको लागि आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकसित गरिनेछ । पालिकामा यस अघि खुलाईएको साइक्लिङ ट्रेललाई प्रबर्द्धन गर्न नेपाल पर्यटन बोर्ड, पर्यटन व्यवसायी र निजी क्षेत्रसँग साझेदारी गरिनेछ ।पोम्लालुङ, खिरौले गुम्बा, निर्माणाधीन पेल्माङ गुम्बा लगायतका धार्मिक क्षेत्र साथै सामुदायिक तथा निजी तवरबाट निर्मित मठमन्दिर, भुमे, गुम्बा, देवालय लगायतका धार्मिक सम्पदाहरुको निर्माण, मर्मत तथा संरक्षणलाई प्राथमिकता दिईनेछ ।

५५. प्रत्येक नागरिकको आवश्यकता तथा अधिकारको रुपमा रहेको शुद्ध खानेपानी वितरणको लागि एक घर एक धारा निर्माणलाई निरन्तरता दिइनेछ ।

५६. गाउँपालिकाभित्र स्वच्छ खानेपानीको व्यवस्था गरी सबै नागरिकलाई स्वच्छ खानेपानी हक सुनिश्चित गर्न आवश्यक पहल गरिनेछ ।फोहोरमैला व्यवस्थापनका लागि उपयुक्त स्थानमा डम्पिङ साईड व्यवस्थापन गरिनेछ । फोहोरलाई वर्गीकरण गरी व्यवस्थापन गर्न पहल गरिनेछ । आवश्यक स्थानमा ढल निकासको कार्यलाई निरन्तरता दिइनेछ । खानेपानी

आयोजना संचालन गर्दा मूहान दर्ता गर्ने व्यवस्था लागू गरिनेछ । बजार क्षेत्रको ढल निकाश तथा फोहोरमैलालाई आधुनिक प्रविधिबाट व्यवस्थापन गर्न एकीकृत फोहरमैला प्रशोधन केन्द्र स्थापनाका लागि अध्ययन गर्न सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

५७. गाउँपालिकालाई राजस्वको स्रोत संकलन गरी आर्थिक रुपमा दीगो बनाउने प्रयास स्वरुप गाउँपालिकाको करको दायरा वृद्धि गरिनेछ । पर्यटकीय क्षेत्र, खोला तथा नदीनालाहरुलाई राजस्वको मूख्य श्रोतको रुपमा विकास गर्न पहल गरिनेछ ।करदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने कार्यलाई निरन्तरता दिदै लगिनेछ । पालिकाको दिगो आम्दानीको श्रोतहरुको पहिचान गरी करको दायरामा ल्याइने नीति बनाई कार्यान्वयन गरिनेछ । राजश्व संकलन कार्यलाई प्रविधि मैत्री वनाइनेछ ।

५८. गाउँपालिकाका युवाहरुलाई विभिन्न रोजगारमुलक तालिम दिई रोजगारी सृजना गरिनेछ जसबाट गाउँपालिकाको वेरोजगारी न्यूनीकरण गर्न सघाउ पुग्नेछ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सूचीकृत भएका तर न्यूनतम रोजगारीमा सहभागि हुन नसकेका नागरिकलाई गाउँपालिकाबाट संचालन हुने योजना तथा गाउँपालिकाभित्र संचालन हुने अन्य योजना लगायतमा रोजगारीमा प्राथमिकतामा राख्ने नीति अंगिकार गरिनेछ ।

५९. महाकुलुङ गाउँपालिकामा कार्यक्षेत्र बनाई कार्य गर्ने गैर सरकारी तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थासँग सहकार्य गरी शिक्षा, स्वास्थ्य, पूर्वाधार क्षेत्रमा लगानी गर्ने नीति सहित लगानी मैत्री वतावरण तयार गरी सम्मान र प्रोत्साहन गरिनेछ ।

६०. स्व-उत्पादनमा आधारित उद्योगलाई प्रोत्साहन गर्न आन्तरिक लगानीकर्ता र बाह्य लगानीकर्ताको लगानी भित्रिने वातावरण तयार गरिनेछ भने यस्ता उद्योगहरुको स्थापना र सञ्चालनका लागि प्रोत्साहन गर्न सहजिकरण गर्नका लागि कर छुट लगायतका सुविधाहरु प्रदान गरिनेछ । साना तथा मझौला उद्योग जस्तैः चिया खेती, किवी प्रशोधन, आलु चिप्स/फ्रेन्चफ्राइ, गुराँस जुस, मिनरल वाटर, मत्स्य भूरा/माछापालन आदिको प्रोत्साहनका लागि आवश्यक अनुदान सहयोग उपलव्ध गराइनेछ । गाउँपालिकाको उपयुक्त स्थानमा औद्योगिक ग्राम निर्माण गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

६१. विभिन्न व्यवसायको प्रवर्द्धन र सुरक्षा निकायको समन्वयमा पूर्ण सुरक्षाको प्रत्याभूतिको वातावरण बनाउँदै गाउँपालिकालाई उद्योग मैत्री गाउँपालिकाको रूपमा विकसित गरिने नीति कायमै राखिनेछ ।

६२. गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने क्रसर उधोगहरुलाई वातावरणमैत्री एवं जोखिमरहित किसिमले सञ्चालन गर्ने गरी दर्ता प्रक्रियालाई सहजीकरण गरिनेछ ।

६३. खेलकुद क्षेत्रलाई विशेष क्षेत्रको रुपमा विकास गरिनेछ । उपयुक्त स्थानको छनौट गरी गाउँपालिकाभित्र एकवटा सुविधा सम्पन्न रंगशालाको निर्माणका लागि आवश्यक पहल गरिनेछ । गाउँपालिकाको वडा नं. ३ छेस्काममा रहेको महाकुलुङ खेलमैदानको जग्गा प्राप्तिको कार्य सम्पन्न गरी सुविधा सम्पन्न खेलमैदानको रुपमा विकास गरिनेछ । गाउँपालिका स्तरीय खेलकुद आयोजनालाई प्रवर्द्धन गरिनेछ । गाउँपालिकाका नागरिक भई खेलकुदको माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति प्राप्त गर्ने खेलाडीहरुलाई पहिचान, सम्मान र प्रोत्साहन गरिनेछ ।

६४. गाउँपालिका अन्तर्गत संचालन हुने योजनाहरु कार्यान्वयनमा सहजता ल्याउन तथा आफ्नो टोल आँफै सुधार गर्नको लागि सम्बन्धित उपभोक्तालाई जिम्मेवार बनाउन टोलविकास संस्था तथा टोल सुधार समिति गठन प्रक्रिया अगाडी बढाइनेछ । योजना संचालन टोल विकास संस्थाबाट गर्ने नीति अवलम्वन गरिनेछ । योजना फरफारक गर्ने प्रक्रियामा स्थलगत अनुगमणलाई अझ प्रभावकारी बनाउदै लगिनेछ । वजेट विनियोजनमा उपभोक्ता समितिको लगानीलाई प्रोत्साहन गरिनेछ ।

६५. विकास निर्माणमा गैरसरकारी संस्थाहरुसँग समन्वयका अतिरिक्त अन्तरतह समन्वयलाई विशेष ध्यान दिइनेछ । संघीय तह, प्रदेश तह तथा अन्य स्थानीय तहसँग आवश्यक समन्वय गरी गाउँपालिकाको समग्र विकासमा सह-लगानीको वातावरण तयार पारिनेछ ।

६६. आर्थिक बर्ष २०८१/०८२ का नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४,-संशोधन सहित), अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, गाउँपालिकाका योजना तर्जुमा सम्बन्धी मार्गदर्शन (परिमार्जन सहित) २०७४, चुनावी घोषणा पत्र र यस गाउँपालिकाका बजेटका क्षेत्र तथा सीमाले निर्दिष्ट गरेका योजना तर्जुमा प्रकृयालाई आधार मानिएको छ । संघीय सरकार र प्रदेश सरकारद्वारा प्रस्तुत नीति कार्यक्रम तथा बजेट र जनप्रतिनिधिहरुको छलफल तथा विभिन्न चरणमा पेश गरेका निवेदनहरु साथै गाउँसभा सदस्यहरुबाट स्थानीयहरुसँग संकलन गरिएका मागहरुलाई समेत समावेश गरिएको छ । अघिल्लो आ.व.मा सञ्चालन तथा सम्पन्न हुन नसकेका आयोजनाहरु समेत समेटिएका छन ।

गाउँसभाका मान्य सदस्यज्यूहरु,

६७. आर्थिक वर्ष २०८१/८२ को यस नीति तथा कार्यक्रमले स्थानीय नागरिकको अथाह विकासको चाहनालाई पूर्ण रुपमा सम्वोधन गर्न नसकेपनि गाउँपालिकाको सर्वाङ्गीण विकासमा एक महत्वपूर्ण पाइला हुनेछ भन्नेमा विश्वस्त छु । यो नीति तथा कार्यक्रम गाउँपलिकाको एक वर्षे मार्गदर्शक तथा गाउँपालिकाको सुनौलो भविष्यको साधन बन्ने आशा गरेको छु । नेपालको राष्ट्रिय लक्ष्य तथा गाउँपालिकाको मूल लक्ष्य प्राप्तिको दिशामा सबै जनप्रतिनिधी, कर्मचारी, तथा गाउँपालिकावासी सबैमा हार्दिक अव्हान गर्दछु । नागरिकको सेवा नै सरकारको पहिलो प्राथमिकता पर्नुपर्छ, नागरिक नै शासनको वास्तविक मालिक हुन् ।

अन्त्यमा,

६८. गाउँपालिकाको नीति तथा कार्यक्रमलाई अक्षरस कार्यान्वयन गर्नमा जनप्रतिनिधी, कर्मचारी, तथा गाउँपालिकावासी सबैको उत्तिकै योगदान रहनेछ । गाउँपालिकाको समृद्धिको लागि आफ्नो क्षेत्रबाट योगदान दिनुहुने सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु। साथै निरन्तर सहयोगको पनि आव्हान गर्दछु ।

धन्यवाद !!

जय महाकुलुङ गाउँपालिका

मिति २०८१ अषाढ १० गते ।